# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मितिः २०८२/०५/१३

## अनुशासन सम्बन्धी उजुरी उपर सजाय गरिएको बारे ।

*"यस संस्थाका एक लेखापरीक्षक सदस्यले आफ्नो तर्फबाट कुनै काम नगर्ने तर अन्य व्यक्तिहरुबाट तयार भई प्राप्त भएको लेखापरीक्षण प्रतिवेदनमा कुनै परीक्षण, जाँच तथा रुजु नगरी हस्ताक्षर मात्र गर्ने गरेको, UDIN Generate गर्ने लगायतका सम्पूर्ण कार्य गर्न कर सहयोगीको नामबाट व्यवसाय गर्दै आएका व्यक्तिहरुलाई जिम्मा दिएको, आफ्नो कार्यालय तथा कर्मचारी समेत नरहेको तर उल्लेख्य मात्रामा लेखापरीक्षण फाईलहरुमा हस्ताक्षर गरिरहेको, निजलाई आफूले जारी गरेको प्रतिवेदन तथा फाईलको विषयमा कुनै ज्ञान नभएको लगायतका"* व्यहोरा उल्लेख भई संस्थामा जानकारी प्राप्त भएकोमा संस्थाको कार्यकारी निर्देशकको प्रस्तावमा निज विरुद्ध संस्थामा उजुरी दर्ता भएको थियो । सो सम्बन्धमा छानविन गर्दा निजले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ को उल्लंघन गर्दै तोकिएको सीमा भन्दा बढी कारोबारको लेखापरीक्षण गरेको, संस्थाको UDIN प्रणालीमा सो सम्बन्धमा गलत विवरण पेश गरेको, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् ऐन, २०५३ को दफा ३४(१३) को समेत परिपालना नगरी सहकारी ऐन, २०७४ को दफा ७६ अनुसार सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य हुँदा हुँदै लेखापरीक्षण गरेको, निजले विभिन्न निकायको लागि तयार गरेको लेखापरीक्षण फाईल सन्तोषजनक नदेखिएको, संस्थाले विभिन्न समयमा जारी गरेको UDIN सम्बन्धी निर्देशनको पालनामा केही कमजोरी गरेको देखिएको र लेखापरीक्षण कार्यको सामान्य गुणस्तर समेत सुनिश्चित गरेको नदेखिएकोले निज आरोपित लेखापरीक्षकलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(क) बमोजिम **नसिहत दिने** निर्णय परिषद्को मिति २०८२ भदौ ०२ गते बसेको ३५४ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोटः*
*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

................................

सिए. विमल डंगोल
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal: Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np